नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह कर्मचारी प्रशासन शाखा
फोन नं ४२००५०८, ४२००२८१
फयाक्स ४२००३१४

पत्र संख्या : २०७४।७५
चलानी नं: 365

मिति २०७५।०४।२४

विषय: - एक गाउँ एक पशु सेवा प्राविधिक सम्वन्धमा ।

श्री महानगरपालिकाहरु सबै ।

श्री उप-महानगरपालिकाहरु सबै ।

श्री नगरपालिकाहरु सबै ।

श्री गाउँपालिकाहरु सबै ।

प्रस्तुत विषयमा पशु सेवा विभाग अन्तर्गत देशभरीका जिल्लाहरुका साविकका विभिन्न गा.वि.स.मा "एक गाविस एक पशु सेवा प्राविधिक" अन्तर्गत करारमा भर्ना भई खटिएका पशु सेवा तर्फका १५०० प्राविधिक कर्मचारिहरुको आ.ब.२०७५/०७६को लागि तलब तथा भत्ता वापतको रकम सशर्त अनुदानमा सम्वन्धित स्थानीय तहमा नै हस्तान्तरण भएको हुँदा साविकको गाविसम "एक गाविस एक पशु सेवा प्राविधिक" व्यवस्थापन कार्यविधि २०७३" अनुसार छनौट भइ कार्यरत रहेका प्राविधिकहरुलाइ नै सम्वन्धित स्थानीय तहमा कामकाज गर्ने गरी व्यवस्थापन गराउँदा गत विगत वर्ष देखि कृषकहरुलाइ प्रदान भई आएको सेवामा निरन्तरता समेत हुने भएकोले सबै स्थानीय तहहरुमा आवश्यक समन्वय तथा व्यवस्थापनका लागि तहाँबाट निर्देशन हुन भनी कृषि तथा पशुपंछी विकास मन्त्रालयको च.नं. ८ मिति २०७५।०४।१० को पत्रानुसार लेखी आएकोले सोही वमोजिम उक्त कर्मचारीहरुलाई कामकाज लगाउन हुन यस मन्त्रालयको मिति २०७५।०३।२४ को निर्णयानुसार अनुरोध छ ।

(गुणराज भट्टराई)
शाखा अधिकृत

बोधार्थ :

श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय, सिंहदरबार
श्री सूचना तथा विद्दुतिय शासन शाखा : Website मा राखि दिनु हनु ।
श्री जिल्ला समन्वय समितिहरु सबै ।

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार,काठमाण्डौ

# एक गाउँ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार

सचिव

## एक गाउँ विकास समिति एक ... विधिक व्यवस्थापन कार्यविधि -, २०७३

नेपाल सरकारको आर्थिक वर्ष ०७२/०७३ को "एक गाउँ ... समिति एक पशु सेवा प्राविधिक" भन्ने स्विकृत नीति तथा कार्यक्रम अनुसार करारमा नियुक्ती हुने पशु स्वास्थ्य प्राविधिक/पशु सेवा प्राविधिकहरुको नियुक्ति प्रक्रियालाई पारदर्शी प्रतिस्पर्धी र सहज रुपमा व्यवस्थापन गर्नका लागि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७२।१२।२६को निर्णयले तोकेका पशुपन्छी प्राविधिक करारमा भर्ना गर्ने निर्णय कार्यान्वयन गर्नका लागि सुशासन ( व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा ४५ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ ले दिएको अधिकार प्रयोग गरी पशुपन्छि विकास मन्त्रालयले देहायको कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ

१) यो कार्यविधिको नाम "एक गाउँ विकास समिति एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि, २०७३" रहेको छ ।

२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यविधि" भन्नाले "एक गाउँ विकास समिति एक पशु सेवा प्राविधिक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७३" लाई सम्झनु पर्छ ।

ख) "प्राविधिक" भन्नाले पशुपन्छीको स्वास्थ्य, प्रजनन, आहारा, वजारीकरण, ब्यबस्थापन र पशुसेवा सम्बन्धी कार्यका लागि यस कार्यविधि बमोजिम गाउँ विकास समितीमा करारमा नियुक्त हुने पशु सेवा/पशु स्वास्थ्य प्राविधिकलाई सम्झनु पर्छ ।

ग) "सेवा केन्द्र" भन्नाले जिल्ला पशु सेवा कार्यालयहरुको कार्य क्षेत्र अन्तरगत रहने स्थानीयस्तरका सेवा केन्द्रलाई सम्झनु

घ) "गा.वि.स." भन्नाले " स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले तोके बमोजिमको गाउँ विकास समिति वा संविधानमा उल्लेख भए अनुसारका गाउँ पालिकालाई समेत सम्झनु पर्छ ।

ङ) "प्रविधि" भन्नाले उन्नत पशु सेवा प्रविधिलाई सम्झनु पर्छ ।

३. उद्देश्य: यस कार्यविधिको उद्देश्यहरु देहाय वमोजिम हुनेछन:

क) पशुपन्छी विकास मन्त्रालयको लक्ष्य, उद्देश्य र प्रतिवद्धता पुरा गर्नका लागि स्थानीय तहसम्म नै प्राविधिकको सेवा विस्तार गर्ने।

ख) प्राविधिक कर्मचारी सेवा तत्काल विस्तार गर्न आवश्यक भएकोले करारमा नियुक्ति गर्ने प्रक्रियालाई प्रतिष्पर्धी, सरल, सहज र पारदर्शी बनाउने ।

ग) स्थानीय स्तरमा प्रवाह हुने पशु सेवालाई सहज, सरल, पहुँचयोग्य, लागत प्रभावी, छिटो छरितो र गुणस्तरिय रुपमा उपलब्ध गराउदै पशुपन्छीजन्य पदार्थमा नेपाललाई आत्मनिर्भर बनाउन सहयोग गर्ने।

घ) ग्रामीण क्षेत्रमा पशु सेवा प्रदायक तथा सेवाग्राही जनताहरुबीचको दूरीलाई कम गर्दै पशुपन्छी विकास-मैत्री, जनउत्तरदायी शासकीय प्रणालीको विकासमा योगदान पुर्याउने ।

ङ) व्यावसायिक पशुपन्छीपालनका आधुनिक प्रविधिहरुमा व्यवसायिक कृषकहरुको पहुंच पुर्याउने ।



सचिव

योग्यता, छनौट र नियुक्ति प्रकृया

४.१. प्राविधिकहरुको योग्यता:

क लोक सेवा आयोगले पशु सेवाका नायव पशु स्वास्थ्य प्राविधिक वा नायव पशु सेवा प्राविधिक (रा.प.अनं.द्वितीय) पदका लागि निर्धारण गरेको न्युनतम शैक्षिक योग्यता हुनु पर्नेछ ।

ख. माथि खण्ड (क) मा उल्लेख गरिए अतिरिक्त सम्बन्धित गाँउ विकास समितिमा स्थायी बसोवास भएको, सो नभए सम्वन्धित जिल्लामा, स्थायी बसोवास भएको व्यक्ति ।

ग. निजामती सेवा ऐन, २०४९ बमोजीम योग्यता पुगेको तथा अयोग्य नभएको हुनुपर्ने छ ।

४.२. छनौट सम्वन्धी व्यवस्था:

क. उम्मेदवार छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रीकामा सूचना प्रकाशन पशु सेवा विभागले गर्ने छ ।

ख. पशु सेवा विभागले प्रश्नपत्र निर्माण गरी क्षेत्रीय निर्देशनालय मार्फत जिल्ला पशु सेवा कार्यालयमा सुरक्षित र गोप्यता साथ पठाउनु पर्ने छ ।

ग. योग्यता पुगेका ईच्छुक उम्मेदवारले अनुसुचि १ बमोजिमको ढाँचामा फाराम भरि सम्बन्धित जिल्ला अथवा नजिकको पशु सेवा केन्द्रमा म्याद भित्र बुझाउनु पर्ने छ ।

घ. लोक सेवा आयोगले रा.प.अनं.द्वि. प्राविधिक सहायकका लागि निर्धारण गरेको लिखित र मौखिक परिक्षा पद्धति अनुरुप प्राविधिकहरुको छनौट हुने छ ।

ङ. लिखित परिक्षा सम्वन्धी काममा सम्वन्धित क्षेत्रीय निर्देशनालयले समन्वय र निर्देशन गर्ने छ । लिखित परिक्षा तथा अन्तर्वार्ता सम्वन्धी कार्यक्रम सबै जिल्लामा एउटै मिति र समयमा संचालन गरिने छ ।

५. <u>परिक्षा सञ्चालन तथा समन्वयन समितिको व्यवस्था:</u>

५.१. परिक्षा संचालन समिती

पशु सेवा प्राविधिक करारमा नियुक्ति गर्नको लागि देहाय बमोजिमको परिक्षा संचालन समिति रहने छ ।

| | | |
|---|---|---|
| १। | प्रमुख, जिल्ला पशु सेवा कार्यालय | संयोजक |
| २। | जिल्ला विकास समितिको अधिकृत प्रतिनिधि | सदस्य |
| ३। | जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ४। | जिल्ला कृषि विकास कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ५। | जिल्ला पशु सेवा कार्यालयको योजना अधिकृत वा संयोजकले तोकेको अधिकृत कर्मचारी | सदस्य - सचिव |

५.२. परीक्षा सन्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१ दरखास्त फारामहरु दर्ता तथा संकलन गर्ने/गराउने ।

२ लिखित परिक्षाका लागि विभागवाट प्राप्त प्रश्नपत्रको गोप्यता कायम राख्ने ।

३ लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने ।

४.मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने ।

५.लिखित परिक्षाको उत्तर पुस्तिका लोक सेवा आयोगको परिक्षण विधि अनुसार परिक्षण गराउने ।

६. लिखित परिक्षाको नतिजा प्रकाशन गर्ने ।

७. अन्तरबार्ताको कार्यक्रम प्रकाशन गर्ने ।

८. अन्तरबार्ताको लागि समितिको संयोजकको अध्यक्षतामा अन्तरबार्ता बोर्ड गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा अन्तरबार्ता उपसमिति बनाउन सक्नेछ ।

९. लिखित परिक्षा तथा अन्तरबार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने ।

१०. नियुक्तिको लागि सिफारिस गर्ने ।

११. परीक्षा संचालन, उत्तर पुस्तिका परिक्षण र नतिजा तयारी प्रकाशन लगायतका विषयमा कुनै द्विबिधा उत्पन्न भएमा लोक सेवा आयोगको कार्यविधिलाई अवलम्बन गर्ने ।

## परिच्छेद ३

६.१ यो कार्यविधि नेपाल सरकार म.प. वाट मिति २०७२/१२/२६ मा स्विकृत प्राविधिक संख्या ( ५०० ) प्राविधिक करारमा भर्ना गर्ने प्रयोजनका लागि प्रयोग गरिने छ ।

६.२. प्राविधिकको संख्या, कार्यस्थल तथा कार्य क्षेत्र सम्वन्धि व्यवस्था

क) एक गाँउ विकास समिति एक प्राविधिकका लागि यो कार्यविधि जारी हुँदाका बखत नेपालमा कायम रहेका गाउँ विकास समितिहरुलाई कार्यक्षेत्र कायम गरिनेछ ।

ख) पशु सेवा केन्द्र नभएको वा हाल पशुसेवा प्राविधिक नभएका र अनुसूची ३ मा उल्लेखित जिल्ला अन्तरगतका गाउँ विकास समितिहरुमा मात्र करारका प्राविधिकको व्यवस्था गरिनेछ ।

ग) यस कार्यविधि वमोजिम नियुक्त भएको प्राविधिकको हाजिरी तथा कार्यालय सम्वन्धित गाउँ विकास समितिको कार्यालयमा रहने र प्रदान गर्नु पर्ने सेवा सम्वन्धित गाउँ बिकास समितिको भौगोलिक क्षेत्रभित्र वा तोकिएको भैगोलिक क्षेत्रभित्र हुनेछ ।

घ) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकता अनुसार कार्यालयको निर्णय बमोजिम थप क्षेत्रको जिम्मेवारी समेत दिन सकिनेछ ।

ङ) नियुक्त भएका प्राविधिकहरु सम्वन्धित जिल्ला पशु सेवा कार्यालय तथा गाउँ विकास समितीप्रति जवाफदेही हुनेछ ।

च) सम्वन्धित गाउँ विकास समितिको सचिवले हाजीरी प्रमाणीत गरी जिल्ला पशु सेवा कार्यालयमा पठाउनु पर्नेछ ।

छ) गाउँ विकास समितिमा खटिने प्राविधिकको कार्यसम्पादनको अनुगमन सम्वन्धित जिल्ला पशु सेवा कार्यालयहरुले गर्नेछ । यसरी खटिने प्राविधिकको काम सन्तोषजनक नभएमा वा तोकिएको गाउँ विकास समितिमा उपस्थित भई कृषकले मागेको सेवा नदिने प्राविधिकलाई जिल्ला पशु सेवा कार्यालयले जुनसुकै वखत पनि हटाउन सक्नेछ ।

६.३. पारिश्रमिक सम्बन्धी व्यवस्था

क) रा.प.अनं. द्वितीय श्रेणीको प्राविधिकले पाउने न्यूनतम तलब स्केल बराबरको रकम मात्र मासिक पारिश्रमिकको रुपमा भुक्तानी गरिनेछ ।

ख) प्रमाणित हाजीरीको आधारमा जिल्ला पशु सेवा कार्यालयद्वारा पारिश्रमिक भुक्तानी गरिनेछ । तर कार्यस्थलमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक रकम भुक्तानी गरिने छैन ।

ग) करार सेवामा रहेको पशु सेवा प्राविधिकले सार्वजनिक विदा वाहेक अन्य कुनै विदा पाउने छैन ।

## परिच्छेद ४
## विविध

७. प्राविधिकले सम्पादन गर्नु पर्ने कार्य विवरण यस कार्यविधिको अनुसूची -२ मा उल्लेख गरे अनुसार हुनेछ।

८. अनुगमन र मुल्याङ्कन सम्बन्धी व्यवस्थाः

प्राविधिकहरुद्धारा भएका विविध कार्यक्रम तथा प्रदान गरिएका सेवाहरुको सञ्चालन तथा व्यवस्थापनको अनुगमन मासिक, चौमासिक तथा वार्षिक रूपमा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, क्षेत्रिय पशु सेवा निर्देशनालय, जिल्ला बिकास समिति, जिल्ला पशु सेवा कार्यालय र पशु सेवा केन्द्रहरुले गर्नेछन् ।

९. बजेट र वित्तीय व्यवस्था

करारमा नियुक्ति गरिने प्राविधिकहरुलाई मासिक पारिश्रमिकको व्यवस्थाका लागि पशु सेवा विभागले जिल्ला पशु सेवा कार्यालयलाई अख्तियारी दिनेछ । अन्य व्यवस्था जिल्ला पशु सेवा कार्यालय, सम्वन्धित गाउँ विकास समिति र सेवा केन्द्रहरुको समन्वयमा गरिनेछ ।

१०. प्राविधिकले सम्पादन गरेका कार्यको तोकिए बमोजिमको ढाँचामा प्रगती विवरण सम्बन्धित सेवा केन्द्र र गाउँ विकाश समितिमा पेश गर्नु पर्नेछ र सम्बन्धित सेवा केन्द्रले जिल्ला पशु सेवा कार्यालय र गाँउ विकास समितिले जिल्ला विकास समितिमा पेश गर्नुपर्ने छ।

११ पशु सेवा केन्द्रको सेवा सञ्चालनमा सहयोग गर्नु नागरिक सभाज, निजी क्षेत्र र सेवाग्राहीको कर्तव्य हुनेछ।

१२. प्रचलित कानून लागू हुनेः प्रचलित कानुनमा व्यवस्था भएका बिषयहरुका सम्बन्धमा सोहि बमोजिम हुनेछ ।

१३. अन्तिम व्याख्याः यस कार्यविधिको कार्यन्वयनमा कुनै द्विविधा हुन गएमा पशुपन्छी विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

१४. अनूसुचीमा हेरफेर गर्न सक्नेः यस कार्यविधिमा संलग्न अनुसुचीहरुमा (आर्थिक विषयमा बाहेक) थपघट तथा हेरफेर गर्ने अधिकार पशुपन्छी विकास मन्त्रालयमा रहनेछ ।

१५. खारेजीः

कः नेपाल सरकारले यो कार्यविधि जुनसुकै समयमा पनि खारेज गर्न सक्नेछ ।

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

एक गाउँ विकास समिति एक पशु सेवा/स्वास्थ्य प्राविधिक कार्यक्रममा प्राविधिक उम्मेदवारले दिने दरखास्त
(कार्यविधिको परिच्छेद-२ दफा ५ सँग सम्बन्धित)

श्री जिल्ला पशु सेवा कार्यालय,
..........................

मलाइ एक गाउँ विकास समिति एक पशु सेवा प्राविधिक कार्यक्रम अन्तरगत तोकिए बमोजिमका शर्तहरुको अधिनमा रही पशुपन्छी विकासको क्षेत्रमा सेवा गर्ने इच्छा भएकोले आवश्यक कागजातहरु संलग्न गरी यो निबेदन पेश गरेको छु । अवसर पाएमा आफ्नो सामर्थ्यले भ्याएसम्म नियमानुसार सेवा गर्न मंजुर छु ।

नाम:

बुवाको नाम:

आमाको नाम:

निबेदकको स्थायी ठेगाना:

निबेदकको सम्पर्क नं.

नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

शैक्षीक योग्यताको बिवरण एस एल सी र सो भन्दा माथीको उल्लेख गर्ने ।

फोटो

| क्र. सं. | प्राप्त शैक्षीक योग्यता | शैक्षीक संस्थाको | | मुख्य बिषय | प्राप्तांक प्रतिशत | कैफीयत |
|---|---|---|---|---|---|---|
| | | नाम | ठेगाना | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कुन गाउँ बिकास समितीमा रहेर काम गर्ने हो प्राथमिकताका आधारमा उल्लेख गर्नुहोस् ।

१

२

३

अनुभवको बिवरण ( प्रमाण संलग्न हुनु पर्ने छ )

| क्र सं | काम गरेको संस्थाको नाम | अवधि | | उक्त संस्था छाडनुको कारण | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सचिव

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

आफूलाई राम्ररी चिन्ने २ जना सार्बजनिक व्यक्तिको नाम उल्लेख गर्नुहोस ।

१

२

उल्लेख गरिएका बिवरणहरु सबै ठीक साँचो हो । झुठा ठहरे सहुँला बुझाउँला ।

निबेदको दस्तखत:

औँठाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

सम्पर्क नम्बर :

........................................................................................................................................

उम्मेदवारको प्रवेश पत्र:

नाम:

पद:

ठेगाना:

परिक्षा मिति:

दर्ता नं.

फोटो

मिति:

कार्यालयको छाप:

प्रमाणीत गर्नेको दस्तखत र पद:



सचिव

अनुसूची -

प्राविधिक कर्मचारीको कार्य विवरण

(कार्यविधिको परिच्छेद ४ दफा ७ सँग सम्बन्धित)

प्राविधिक कर्मचारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) तोकिएको गा.वि.स.मा पशु विकास पशु स्वास्थ्य सम्बन्धी समस्या पहिचान गरी सहभागीतात्मक योजना तर्जूमा गर्ने।

२) उपलब्ध स्रोत, साधन तथा कार्यक्रमको अधीनमा रही गा.वि.स.का पशुपन्छी पालक कृषक व्यवसायीलाई प्राविधिक सेवा उपलब्ध गराउने ।

३) पशुपन्छी सम्बन्धी अनुसन्धानबाट शिफारिस भै आएका नविनतम प्रविधिको अनुशरण र प्रचार प्रसार गर्ने ।

४) गाउँ विकास समिति, सामुदायिक संस्था तथा गैर सरकारी निकायद्वारा संचालन गरिने पशुपन्छी सम्वन्धी कार्यक्रमलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

५) नियमित पशु उपचार सेवा प्रदान गर्ने । पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, क्षेत्रिय पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय र पशु सेवा केन्द्रले गर्ने भनी तोकिएका अन्य कार्य गर्ने ।

६) परजिवि विरुद्ध डिपिङ ड्रेन्चिङ सेवा एवं रोग विरुद्ध खोप सेवा प्रदान गर्ने ।

७) सिरो सर्भिलेन्स तथा सिरो मनिटरिङका लागि सिरम संकलन गर्ने र नयाँ रोग देखा परेमा तुरुन्त जिल्ला पशु सेवा कार्यालय र पशु स्वास्थ्य निर्देशनालयमा सूचना दिने ।

८) पशु सेवा केन्द्र मार्फत प्राप्त घाँसेवाली तथा प्रजननका कृयाकलापहरु संचालन गर्ने ।

९) पशुधन विमाका लागि सहजिकरण गर्ने ।

१०) स्थलगत कृषक तालिमका लागि सहजिकरण गर्ने ।

११) पशु सेवा कार्यालयले उपलब्ध गराएका फाराम समयमा भरी सम्वन्धित निकायमा पठाउने, पशु जन्य पदार्थहरुको उत्पादन र उत्पादकत्वको स्थिति र अन्य अभिलेखहरु अद्यावधिक गर्ने ।

१२) कृषक समुह समिति र सहकारीहरुको मासिक वैठकमा भाग लिने सो को प्रतिवेदन पशु सेवा केन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

१३) वार्षिक क्यालेण्डर तयार गरी घुम्ति पशु सेवा उपलव्ध गराउने ।

१४) खटिएको क्षेत्रभित्र पशुपन्छी सम्वन्धी तथ्याङ्कहरु अध्यावधिक गर्ने ।

१५) पशु सेवा विभाग, क्षेत्रीय पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय र पशु सेवा केन्द्रले गर्ने भनी तोकिएका अन्य कार्य गर्ने ।

सचिव

अनुसूची - ३ नेपाल सरकार
पशुपंक्षी बिकास मन्त्रालय
पशु सेवा विभाग
क गाउ एक एक प्राविधिक अन्तर्गत प्रस्तावित दरबन्दी बिवरण

| क्र सं | जिल्ला | ना प से प्रा | ना प स्वा प्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | २ | २ | ४ | |
| २ | पाँचथर | २ | २ | ४ | |
| ३ | इलाम | ३ | ४ | ७ | |
| ४ | झापा | २ | ३ | ५ | |
| ५ | मोरङ्ग | ४ | ३ | ७ | |
| ६ | सुनसरी | ३ | ३ | ६ | |
| ७ | धनकुटा | २ | २ | ४ | |
| ८ | तेह्रथुम | १ | २ | ३ | |
| ९ | संखुवासभा | २ | १ | ३ | |
| १० | भोजपुर | २ | १ | ३ | |
| ११ | सोलुखुम्बु | २ | २ | ४ | |
| १२ | ओखलढुङ्गा | ३ | ४ | ७ | |
| १३ | खोटाङ्ग | ५ | ५ | १० | |
| १४ | उदयपुर | ४ | ३ | ७ | |
| १५ | सप्तरी | ७ | ७ | १४ | |
| १६ | सिरहा | ५ | ५ | १० | |
| | **पुर्वाञ्चल जम्मा** | ४९ | ४९ | ९८ | |
| १७ | धनुषा | ५ | ५ | १० | |
| १८ | महोत्तरी | ४ | ४ | ८ | |
| १९ | सर्लाही | ७ | ७ | १४ | |
| २० | सिन्धुली | ४ | ४ | ८ | |
| २१ | रामेछाप | ४ | ३ | ७ | |
| २२ | दोलखा | ३ | ४ | ७ | |
| २३ | सिन्धुपाल्चोक | ६ | ६ | १२ | |
| २४ | काभ्रेपलाञ्चोक | ७ | ६ | १३ | |
| २५ | ललितपुर | २ | १ | ३ | |
| २६ | भक्तपुर | ० | ० | ० | |



एक गाउ एक प्राविधिक बिवरण

महानिर्देशक

अनुसूची - 3

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| क्र सं | जिल्ला | ना प से प्रा | ना प स्वा प्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| २७ | काठमाण्डौं | ० | ० | ० | |
| २८ | नुवाकोट | ४ | ५ | ९ | |
| २९ | रसुवा | १ | २ | ३ | |
| ३० | धादिङ्ग | ४ | ४ | ८ | |
| ३१ | मकवानपुर | ३ | ३ | ६ | |
| ३२ | रौतहट | ७ | ६ | १३ | |
| ३३ | बारा | ५ | ६ | ११ | |
| ३४ | पर्सा | ६ | ६ | १२ | |
| ३५ | चितवन | २ | २ | ४ | |
| | **मध्यमाञ्चल जम्मा** | ७४ | ७४ | १४८ | |
| ३६ | गोरखा | ४ | ५ | ९ | |
| ३७ | लमजुङ्ग | ४ | ३ | ७ | |
| ३८ | तनहुँ | ४ | ३ | ७ | |
| ३९ | स्याङ्गजा | ३ | ४ | ७ | |
| ४० | कास्की | ३ | २ | ५ | |
| ४१ | मनाङ्ग | १ | १ | २ | |
| ४२ | मुस्ताङ्ग | १ | २ | ३ | |
| ४३ | म्याग्दी | ३ | ४ | ७ | |
| ४४ | पर्वत | ४ | ३ | ७ | |
| ४५ | बाग्लुङ्ग | ४ | ५ | ९ | |
| ४६ | गुल्मी | ६ | ६ | १२ | |
| ४७ | पाल्पा | ४ | ४ | ८ | |
| ४८ | नवलपरासी | ५ | ५ | १० | |
| ४९ | रूपन्देही | ५ | ४ | ९ | |
| ५० | कपिलबस्तु | ४ | ५ | ९ | |
| ५१ | अर्घाखाँची | ३ | ३ | ६ | |
| | **पश्चिमाञ्चल जम्मा** | ५८ | ५९ | ११७ | |
| ५२ | प्यूठान | ३ | ३ | ६ | |
| ५३ | रोल्पा | ४ | ४ | ८ | |
| ५४ | रूकुम | ३ | ४ | ७ | |
| ५५ | सल्यान | ४ | ३ | ७ | |



एक गाउ एक प्राविधिक बिवरण

डा. केशव प्र...
महानिर्देशक

| | | ना प से प्रा | ना प स्वा प्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| ५६ | दाङ्ग | ३ | ३ | ६ | |
| ५७ | बाँके | ३ | ३ | ६ | |
| ५८ | बर्दिया | ३ | २ | ५ | |
| ५९ | सुर्खेत | ३ | ४ | ७ | |
| ६० | दैलेख | ४ | ४ | ८ | |
| ६१ | जाँजरकोट | २ | ३ | ५ | |
| ६२ | डोल्पा | १ | १ | २ | |
| ६३ | जुम्ला | २ | २ | ४ | |
| ६४ | कालिकोट | ३ | २ | ५ | |
| ६५ | मुगु | २ | २ | ४ | |
| ६६ | हुम्ला | २ | २ | ४ | |
| | **मध्यमपश्चिमाञ्चल जम्मा** | ४२ | ४२ | ८४ | |
| ६७ | बाजुरा | १ | १ | २ | |
| ६८ | बझाङ्ग | ३ | ३ | ६ | |
| ६९ | अछाम | ७ | ६ | १३ | |
| ७० | डोटी | ४ | ४ | ८ | |
| ७१ | कैलाली | ३ | ३ | ६ | |
| ७२ | कञ्चनपुर | २ | १ | ३ | |
| ७३ | डडेलधुरा | १ | २ | ३ | |
| ७४ | बैतडी | ५ | ४ | ९ | |
| ७५ | दार्चुला | १ | २ | ३ | |
| | **सुदुरपश्चिमाञ्चल जम्मा** | २७ | २६ | ५३ | |
| | **जम्मा** | २५० | २५० | ५०० | |

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
सिंहदरबार

सचिव